**बैंठक संख्या : ६५ मिती : २०७६।०९।२३ गते समय : साझ ४ : ०० बजे**

**बैठक संख्या : ६५ स्थान : राप्ती नगरपालिका**
**मिती : २०७६।०९।२३ गते समय : साझ ४ : ०० बजे**

यस राप्ती नगरपालिका , नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**<u>उपस्थिति</u>**

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)
नगर उपप्रमुख श्री इमान सिंह लामा
वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान
वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती
वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती
वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा
वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक
वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु
वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी
वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया
वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा
वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ
वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ
वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा
वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ
सदस्य श्री पुष्पा के.सी. कुवर
सदस्य श्री दिल कुमारी लामा
सदस्य श्री कविता राई
सदस्य श्री रमिता परियार
सदस्य श्री श्यामलाल वि.क.
सदस्य श्री आइती देवी दराई
सदस्य श्री अम्विका लामा
सदस्य श्री पहलमान प्रजा
प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई सदस्य सचिव
आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.
लेखा अधिकृत श्री गोपाल तिवारी
क.अ. श्री रमेश चौधरी

**बैंठक संख्या : ६५ मिती : २०७६।०९।२३ गते समय : साझ ४ : ०० बजे**

**<u>प्रस्तावहरु</u>**

१. सहकारी ऐन २०७४ संशोधन सम्बन्धमा ।
२. शिक्षा ऐन २०७४ संशोधन सम्बन्धमा ।
३. बार्षिक बजेटको थप रकम सम्बन्धमा ।
४. योजनामा रहेका रकम र नगरबाट गर्न सकिने सोही शीर्षक भित्र रही गर्ने सम्बन्धमा ।
५. इन्जिनियर सिभिल अधिकृत १ थप गर्ने सम्बन्धमा ।
६. उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने भन्ने पूर्वाधार विकास समितिको निर्णय सम्बन्धमा ।
७. महिला सहकारीको कम्प्यूटर र ल्यापटप खरिद सम्बन्धमा ।
८. विद्यायन मस्यौदा समितिको थप ऐन नियम कार्यविधि निर्माण गर्ने निर्णय सम्बन्धमा ।
९. आ.व. ०७७/७८ को लागि बजेट प्रस्ताव गरि पठाउने सम्बन्धमा ।
१०. प्रतापपुरको पुललाई तत्काल डाइभर्सन गर्ने सम्बन्धमा ।

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिका सहकारी ऐन २०७४ लाई संशोधन गर्न विद्यायन समितिबाट निर्णय भई आएको व्यहोराको सम्बन्धमा परिमार्जन सहित पारित गरी नगर सभाको बैंठकमा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिका शिक्षा ऐन २०७४ लाई संशोधन गर्न विद्यायन समितिबाट निर्णय भई आएको व्यहोराको सम्बन्धमा परिमार्जन सहित पारित गरी नगर सभाको बैंठकमा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. ०७६/७७ को बार्षिक बजेट तथा कार्यक्रम मिति २०७६ असार १० गतेको नगरसभाबाट स्वीकृत भएकोमा गत आ.व. ०७५/७६ मा केही रकम मौज्दात रहेको र अन्य स्रोतबाट नगरसभा पछि बजेट प्राप्त भएकोले पछि थप हुन गएको बजेट रु २११०३१४४०.५२ बार्षिक बजेटको रुपमा स्वीकृत गरी कार्यन्वयन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा पाचौ नगरसभाबाट स्वीकृत भएका योजनाहरु कार्यान्वयन गर्न लेखामा Sutra नामक Software बाट स्वीकृत योजना संशोधन गर्न सकिने देखिएको छैन अत: हाल स्वीकृत योजना संशोधन गरी अर्को योजना बनाउन सकिने देखिएन । तसर्थ एउटै शीर्षकमा राखिएको रकमबाट सो शिर्षकबाट मिल्दो योजना वा कार्यक्रम संचालन गर्न वडामा रहेको बजेटको हकमा वडा समितिको निर्णय बमोजिम र नगरको बजेटको हकमा कार्यपालिका वा कार्यपालिकाको निर्णय बमोजिम अधिकार प्राप्त अधिकारी वा कार्यालयको निर्णय अनुसार हालसम्म गरिएको निर्णयलाई अनुमोदन गर्ने र चालु आ.व. मा गर्न बाँकी कार्यहरु सोही बमोजिम कार्यान्वयन गर्न अधिकार दिन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**बैंठक संख्या : ६५ मिती : २०७६।०९।२३ गते समय : साझ ४ : ०० बजे**

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राप्ती नगरपालिकामा स्थायी प्रक्रियाबाट कर्मचारी नियुक्ति हुन आउने क्रम जारी छ प्रशासनिक तथा प्राविधिक कर्मचारीहरु पनि यस नगरपालिकाको माग बमोजिमको संख्यामा आई रहेका छन । यस नगरपालिकामा हाल सिभिल इन्जिनियर दरबन्दी १ वटा मात्र छ सो पदमा स्थायी नियुक्तिको लागि लोक सेवा आयोगबाट कर्मचारी आई सकेका छन र सो पदमा कार्यरत करारका इन्जिनियरको लागि दरबन्दी रहने देखिएन तर बार्षिक १ (एक) हजार भन्दा बढी योजना संचालन गर्न पर्न भएकोले नगरको आन्तारिक श्रोत वा कन्टेन्जेन्सी रकमबाट पारिश्रमिक व्यहोर्ने गरी इन्जिनियर सेवा सिभिल समुहको अधिकृत छैठौ तहको दरबन्दी १ सिर्जना गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा हेभि इक्वीपमेन्ट प्रयोग गरी कार्यान्वयन गर्नुपर्ने योजना र संरचना निर्माण गर्नुपर्ने कार्यमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने भन्ने सम्बन्धमा विभिन्न समयमा नियमन निकायबाट निर्देशन हुदै आएको र सार्वजनिक खरिद ऐन नियममा समेत सोही व्यहोरा उल्लेख भएकोले मिति २०७६।०९।१६ मा कार्यपालिकाको बैंठकमा छलफल हुदा भौतिक पूर्वाधार विकास समितिको बैंठकबाट छलफल भई आएपछि आवश्यक निर्णय गर्ने निर्णय भएकोमा भौतिक पूर्वाधार विकास समितिको मिति २०७६।०९।२० मा बसेको बैठकबाट वडा समितिबाट निर्णय गरी उपभोक्ता समिति मार्फत नै योजना कार्यान्वयन गर्ने भन्ने निर्णय भइ आएमा रु ५० लाख सम्मका कुनै पनि प्रकारका निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत गर्न कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिन सभाको बैंठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती नगरपालिका भित्र रहेका महिला सहकारी संस्थाहरुको संस्थागत विकासको लागि आवश्यक १ थान Destop वा Laptop computer महिला समन्वय समितिको लागि विनियोजित बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा विद्यायन मस्यौदा समितिबाट सिफारिस भइ आएका देहायका विषयका ऐन नियम कार्यविधि वा निर्देशिकाको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

१. विपद व्यवस्थापन तथा बातावरण सम्बन्धी
२. कर्मचारी कल्याण कोष सम्बन्धी
३. आन्तारिक नियन्त्रण सम्बन्धी
४. विपन्न व्यक्तिहरुका लागि आर्थिक सहायता दिने सम्बन्धी

**बैंठक संख्या : ६५ मिती : २०७६।०९।२३ गते समय : साझ ४ : ०० बजे**

**<u>निर्णय नं. ९</u>**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा राप्ती नगरपालिकामा आ.व. ०७७/७८ मा संचालन गरिने योजना तथा कार्यक्रम संचालन गर्न र कार्यालय संचालन तथा प्रशासनिक खर्च समेतका लागि बजेट प्रस्ताव गर्दा नगरको आन्तारिक आम्दानी समेतलाई आँकलन गर्नुपर्ने हुन्छ यस नगरपालिकाको लागि राजस्व सम्बन्धी कार्य गर्न मार्ग दर्शनको गर्न तयार गरिएको राजस्व सुधार योजना स्वीकृत गरी सो बमोजिम राजस्व उठाउन सकिने विभिन्न क्षेत्रमा समेत कर लगाउने लगायत कार्य गरि करिव ९ करोड आन्तारिक आम्दानी हुने व्यहोरा राजस्व परामर्श समितिको बैंठकबाट सिफारिस भइ आएकोले आन्तारिक आम्दानी रु ९ करोड अनुमान गरी संघीय सरकार र प्रदेश सरकार तथा अन्य कार्यक्रमबाट समेत साविकमा प्राप्त भएको रकममा ४०% रकम थप माग गरी पठाउन सभाको बैंठकमा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १०</u>**

प्रस्ताव नं. १० माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. १, २ र ३ को सवै जन समुदायले आवतजावत गर्न प्रतापपुर जाने बाटोको पुल जिर्ण भइ विचमा प्वाल परि सवारी साधन आवतजावत गर्न नहुने अवस्थामा पुगेकोले उक्त स्थानमा पुल/कल्वर्ट निर्माण गर्न स्टेमेट तयार गरि नगरपालिका र वडा नं. १, २ र ३ को विपत् व्यवस्थापन शिर्षकबाट खर्च गर्ने गरी पुल/कल्वर्ट निर्माण गर्ने निर्णय गरियो ।